सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ६ मिति : आषाढ ८ गते, २०७५


## भाग – २

### सिद्धार्थनगर नगरपालिका

# मेलमिलाप कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी, २०७५

**प्रस्तावना:**

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन सम्वन्धी ऐन २०७४, दफा ४७, मेलमिलाप ऐन २०६८ र मेलमिलाप नियमावली २०७० मा भएको व्यवस्था कार्यान्वयन गर्दै विवादका पक्षहरुलाई जित–जितको महसुस गराई नागरिकको न्यायमा पहुच कायम गरि न्यायीक समिति संग सहकार्य गर्दे, स्थानिय तहबाटै कानुनी सेवा उपलब्ध गराउने उद्देश्यले २०६६ साल देखि सिद्धार्थनगर नगर कार्यपालिकामा मेलमिलाप कार्यकम संचालन हुदै आएकोमा, सिद्धार्थनगर नगरपालिकामा यस मेलमिलाप सेवा संचालन तथा व्यवस्थापन गर्न निर्दिष्ट कार्यविधि आवश्यक भएकोले यो कार्यविधी तयार गरि लागु गरिएको छ ।

१. **नामः– यस कार्यविधिको नाम "मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि २०७५" हुनेछ ।**

२. **प्रारम्भः– यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।**

३. **परिभाषाः–**

३.१. नगरसभाः–"नगरसभा" भन्नाले सिद्धार्थनगर नगर कार्यपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

३.२ नगर कार्यपालिकाः– "नगर कार्यपालिका" भन्नाले सिद्धार्थनगर नगर कार्यपालिका सम्झनु पर्दछ ।

३.३. नगरपालिकाः– "नगरपालिका" भन्नाले सिद्धार्थनगर नगरपालिका सम्झनु पर्दछ ।

३.४. कोषः–"कोष" भन्नाले दफा ७ अनुसार संचालित कोषलाई सम्झनु पर्दछ ।

३.५. समितिः–"समिति" भन्नाले दफा ९ अनुसार गठित कोष संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

३.६. न्यायिक समितिः– "न्यायिक समिति" भन्नाले नेपालको संविधान २०७२ को धारा २१७ बमोजिम गठित न्यायिक समितिलाई जनाउछ ।

३.७. मेलमिलाप केन्द्र : "मेलमिलाप केन्द्र" भन्नाले, सिद्धार्थनगर नगरपालिका र यस नगरपालिका अन्तरगत गठन भएका मेलमिलाप केन्द्रलाई जनाउछ ।

४. **मेलमिलाप केन्द्र : स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४७.१ र ४७.२ मा उल्लेखित विवादहरु मेलमिलापवाट निरुपण गर्नका लागि यस नगरपालिका र वडा कार्यालयमा आवश्यकता अनुसार मेलमिलाप केन्द्र गठन गरिनेछ ।**

५. **मेलमिलाप केन्द्रको संचालन : साविक देखि सिद्धार्थनगर नगरपालिकामा तालिम प्राप्त मेलमिलापकर्ताहरु मेलमिलाप केन्द्रमा सुचिकृत हुनेछन र सोहि सुचिकृत मेलमिलापकर्ताहरुले मेलमिलाप प्रकृया संचालन गर्ने छन ।**

६. **सामुदायिक मेलमिलापकर्ताहरुको काम, कर्तव्य, अधिकार र सुविधा ।**

६.१ नगरपालिका भित्र बसोवास गर्ने नागरिकहरुलाई सरल र सहज रुपमा न्यायमा पहुच कायम गर्न मेलमिलाप प्रकृयावाट न्याय निरोपणमा सहयोग गर्ने स्थानिय सरकार संचालन सम्वन्धी ऐन २०७४ दफा ४७ अनुसार विवादहरुको निरुपण गर्न न्यायिक समितिलाई सहयोग गर्ने ।

६.२ न्यायिकसमितिले मेलमिलाप प्रकृयाका लागि पठाएका दफा ४७ को उपदफा १ अन्तरगतका विवाद पक्षहरु विच मेलमिलाप हुन नसकेमा प्रतिवेदन सहित न्यायिक समितिमा फिर्ता पठाउनु पर्नेछ । त्यसैगरि दफा ४७ को उपदफा २ अन्तरगतका विवादपक्षहरु विच ३ महिनाभित्र मेलमिलाप हुन नसकेमा पक्षहरु अदालत जान चाहेमा अदालतमा अभिलेख खडा गरेको मिसील समेत पठाई दिनु पर्नेछ ।

६.३ मेलमिलाप सत्रको संचालन विधी र प्रकृया मेलमिलाप केन्द्रले तय गरे अनुसार हुनेछ ।

६.४ न्यायिक समितिको संयोजनमा सामुदायिक मेलमिलापकर्ताहरु र संयोजक समेतको बैठक कम्तिमा वर्षमा ३ पटक बस्नेछ । यस बैठकमा नगरपालिकाको अन्य पदाधिकारी वा विषय विज्ञलाई पनि आमन्त्रित गर्न सकिनेछ । यस बैठकमा उपस्थित हुने न्यायिक समितिको संयोजक, मेलमिलाप संयोजक र न्यायिक समितिका सदस्य आमन्त्रित अन्य पदाधिकारीहरुलाई समेत प्रति बैठक रु ५००। पांच सय मात्र यात्रा खर्च दिइनेछ ।

६.५ सामुदायिक मेलमिलाप कार्यक्रम संयोजकलाई मांसिक रु १५,०००। (पन्ध्र हजार) मात्र मासिक सुविधा दिइनेछ । सामुदायिक मेलमिलाप कर्ताहरुलाई प्रति विवाद रु ५००। पांच सय मात्र यातायात खर्च दिइनेछ ।

७. मेलमिलाप कार्यक्रमको कोषः– मेलमिलाप कार्यक्रम संचालनका निमित्त आवश्यक स्रोत व्यवस्थापनका लागि एक कोष खडा गरिनेछ ।

७.१ यस कोषमा निम्न बमोजिमका स्रोतबाट रकम प्राप्त हुन सक्दछ ।

(क) नगरपालिकाबाट प्राप्त हुने रकम ।

(ख) अन्य, व्यक्ति, संघ संस्था वा दाताहरुबाट प्राप्त हुने रकम ।

७.२ कोषको उपयोगः– उपदफा ७(१) मा उल्लेखित कोषमा जम्मा भएको रकम कोष संचालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार स्थानिय समुदायको विवाद निरुपण सम्वन्धि कार्यमा खर्च गरिने छ ।

७.३ कोषको खाता संचालनः-

(क) कोषको खाता नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट संचालन हुने छ । उक्त खाता मान्यता प्राप्त बैंक वा वित्तिय संस्थामा खोली संचालन गरिने छ ।

(ख) कोषको रकम समितिले स्विकृत गरेको स्थानिय सामुदायिक मेलमिलाप केन्द्रमा खर्च गरिनेछ ।

८. सामुदायिक मेलमिलाप कर्ताको व्यवस्था :- साविक देखि सिद्धार्थनगर नगरपालिकामा तालिम प्राप्त मेलमिलापकर्ताहिरुको नाम सूचिकृत गरिनेछ । सूचिकृत मेलमिलापकर्ताहरु मध्ये बाट न्यायिक समितिले एक जना सामुदायिक मेलमिलाप केन्द्रको संयोजक तोक्न सक्ने छ ।

९. कोष व्यवस्थापन समितिः-

९.१. कोष व्यवस्थापन समितिमा निम्न पदाधिकारीहरु रहने छन् ।

| | |
|---|---|
| क. नगर उप-प्रमुख | अध्यक्ष |
| ख. प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ग. न्यायिक समितिले तोकेको मेलमिलापकर्ता मध्ये एक जना महिला | सदस्य |
| घ. नगरपालिकाको आर्थिक प्रशासन प्रमुख | सदस्य |
| ङ. मेलमिलाप संयोजक | सदस्य सचिव |

९.१ कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

९.२.१. स्थानिय सरकार संचालन सम्वन्धी ऐन २०७४ अनुसार मेलमिलाप सम्वन्धी कार्यक्रम तर्जुमा गर्ने ।

९.२.२. सिद्धार्थनगर नगर कार्यपालिका क्षेत्र भित्र मेलमिलाप कार्यक्रम विकाश र प्रबर्द्धनका लागि समन्वय गर्ने ।

९.२.३. कोषको संचालन सम्वन्धी व्यवस्थापनको कार्य गर्ने ।

९.२ समितिको कार्य सम्पादन सम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१० विविधः-

१०.१. यस कार्यविधिको कार्यन्वयन सम्वन्धी जिम्मेवारी कोष व्यवस्थापन समितिमा निहित हुने छ।

१०.२. यस मापदण्डमा उल्लेख गरिएका व्यवस्थाहरु यसै मापदण्ड बमोजिम हुने छन् र प्रचलित कानुन संग बाझिएको हकमा कानुन बमोजिम हुने छ।

१०.३. यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अड्चन आइ परेमा नगरपालिकाको निर्णय अनुसार बाधा अड्काउ फुकाईने छ।

सिद्धार्थनगर नगरपालिका